# DOVER SCHOOL DISTRICT
# SAU 11

McConnell Center | 61 Locust Street, Suite 409 | Dover, NH 03820-4132
Phone: 603-516-6800 | Fax: 603-516-6809

*Empowering all Learners*


अप्रिल १३, २०२०

प्रिय डोवर स्कूलका परिवारहरु,

कोरोना भाइरस रोग -१९ महामारीको कारण डोवरका स्कूलहरू चार हप्ताको लागि बन्द गरिएको छ। म यस अवसरमा दूर शिक्षा सिकाइको वातावरण अनुकूल गरेर सहयोग गर्ने तपाईंको र हाम्रा परिवारहरूको क्षमता प्रशंसा योग्य छ ।
शिक्षक, अभिभावक, र विद्यार्थीहरू सबैको लागि यो अवधि नया कुरा सिक्न को लागि द्रुत साबित भयो । यो विस्तारित अवधिमा हामी सबैले सिक्न र नया पद्धती प्रति अभ्यस्त हुने प्रक्रिया जारी राखेका छौं। यो नया प्रक्रिया संग अभ्यस्त रहन सक्ने तपाईंको क्षमता उल्लेखनीय छ।

म तपाईं हरुसंग निम्न कुरा साझा गर्दछु:

* शिक्षा आयुक्तले सुपरिटेन्डेन्टहरुलाई सूचित गरेका छन् कि राज्यपालले अप्रिल १७ मा दूर शिक्षा सिकाइ लाइ मे ४ पछि पनि जारि राख्ने या नराख्ने भनि निर्णय गर्न सक्दछन ।

* शुक्रवार, अप्रिल २४ र सोमबार, अप्रिल २७ मा स्कूल बन्द रहने छ। (यी परिमार्जित दिन हरु बसन्त ऋतु को बिदाका मितिहरू हुन्)।

* शुक्रवार, जून ५, २०२० विद्यार्थीहरूको लागि यो वर्षको स्कूलको अन्तिम दिन हो।

* डोवर स्कूल क्षेत्र का सबै विद्यार्थीहरूको लागि खाना वितरण कार्यक्रम खुला रहेको छ । सोमबार, अप्रिल ६ देखि, खाना वितरण कार्यक्रम प्रत्येक सोमबार, बुधवार, र शुक्रवार आयोजित भैरहेको छ। सोमबार र बुधवार दुई दिनको खाना वितरण भैरहेको छ भने शुक्रवार का दिन बिहानको खाजा र खाना वितरण भैरहेको छ। खाना वितरण हुने ठाउ उही नै छन । खाना बिहान ०९:४५ देखि १०:४५ सम्म उपलब्ध भैरहेको छ।

* डोवर स्कुल क्षेत्रमा क्रोमबुकहरूको संख्या सीमित छ। पहिलो चरणको क्रोमबुकहरूको वितरण हाम्रो हाई स्कूलका विद्यार्थीहरूका लागि थिए जोसँग उपकरणहरू थिएनन्। प्राथमिक स्कूलका प्रिन्सिपलहरू र मध्य स्कूलका प्रिन्सिपलहरु ले उपकरणहरू नभएका विद्यार्थीहरू पहिचान गरि ति परिवारहरूलाई उपकरण वितरणको प्रक्रिया जारि छ । यदि तपाईंसँग कुनै उपकरण छैन, र तपाईं लाइ लाग्छ तपाईं सूचीमा हुनुहुन्न भने, कृपया तपाईको विद्यार्थीको प्रिन्सिपललाइ सम्पर्क गर्नुहोस्।

* यो महत्त्वपूर्ण छ कि तपाईंले सामाजिक संजाल मार्फत सामाजिक सम्पर्क जारी राख्नु पर्छ। सामाजिक संचार लाइ सकरात्मक तरीकाले पुरा रुपमा प्रयोग गर्न सकिन्छ। यदि तपाईंलाइ कोरोना भाइरस रोग - १९ महामारीको बारेमा थप मद्दतको आवश्यकता छ भने कृपया सामुदायिक स्रोतहरू पहिचान गर्नुहोस् जुन तपाईंलाई सहयोग गर्न सक्छन वा तपाईंको बच्चाले प्राप्त गर्ने ईमेल हेर्नुहोस जसले धेरै कुराहरुमा मार्गदर्शन गर्दछ। वा तपाइले आफ्नो बच्चा को स्कुल प्रशासक लाइ पनि इमेल गर्न सक्नुहुञ्छ।

* यदि तपाइँ संग केहि सल्लाह र सुझाव हरु छन् भने आफ्नो बालबालिकाका स्कुल का प्रिन्सिपल संग पत्राचार गर्न सक्नु हुन्छ।

* तपाइँको अवलोकनका लागि स्रोत – *Larry Ferlazzo's 7 Tips for Parents Supporting Remote Learning – ) -* [https://youtu.be/Srx1VX2daFI](https://youtu.be/Srx1VX2daFI)


Dr. William Harbron, Ed.D.
Superintendent of Schools
w.harbron@dover.k12.nh.us

Michael Limanni
Business Administrator
m.limanni@dover.k12.nh.us

Dr. Christine Boston, Ed.D.
Assistant Superintendent
Student Services
c.boston@dover.k12.nh.us

Paula Glynn
Assistant Superintendent
Teaching and Learning, Federal Funds
p.glynn@dover.k12.nh.us

**डोभर हाई स्कूलका परिमार्जन हरु :**

* डोभर हाई स्कूलले आफ्नो हरियो र सेतो तालिका लाइ निरन्तरता दिने छ । तलको तालिकाले अप्रिल २४ र अप्रिल २७ मा स्कूल बन्द रहने दिनमा के गर्ने भनेर सम्बोधन गर्छ:
अप्रिल १३ को हप्ता - सोमबार / हरियो, मंगलबार / सेतो, बुधवार / हरियो, बिहीबार / सेतो, शुक्रवार / कार्यालय समय
अप्रिल २० को हप्ता - सोमबार / हरियो, मंगलवार / सेतो, बुधवार / हरियो, बिहीबार / सेतो, शुक्रवार / स्कूल छैन
अप्रिल २७ को हप्ता - सोमबार / स्कूल छैन, मंगलवार / हरियो, बुधवार / सेतो, बिहिबार / हरियो, शुक्रवार / सेतो

प्रगति विवरण बुधवार, अप्रिल १५ को दिनमा पोस्ट गरिनेछ जस बाट परिवारलाई उनीहरूको विद्यार्थी (हरू) को तेस्रो चौमासिक शैक्षिक प्रगतिको बारेमा जानकारी हुनेछ। यो संक्रमणकालिन समयको दूर शिक्षाको ग्रेडलाई प्रगति विवरण बनाउने निर्णय समय परिस्थितिलाइ मध्यनजर गरेर भएको हो ।

**K - ८ कक्षा शिक्षा सम्बन्धि परिमार्जनहरु:**

ग्रेड K - ८ सबै निर्धारित पाठ्यक्रम अनुसार जारि छन् जुन शुक्रबार, अप्रिल ३ मा प्रदान गरिएको जानकारीमा उल्लेख छन्। दूर शिक्षा सिकाइमा परिवारबाट निम्न कुराहरु अपेक्षा गरिएका छन् :

* यस दूर शिक्षा शिक्षणले पढ्ने, लेख्ने, सिर्जना गर्ने, बोल्ने, सुन्ने, परावर्तन गर्ने र समस्या समाधान गर्ने कुरामा बिद्यार्थीको ध्यान केन्द्रित गर्दछ।

* कुनै पनि नयाँ शिक्षाले विद्यार्थीहरूलाई उनीहरूको काम र शिक्षक प्रतिक्रिया अनुसार आवश्यक सीपहरू र अवधारणाहरूमा मात्र ध्यान केन्द्रित गर्दछ ।

* बिद्यार्थीहरुलाई क्रमै संग नयाँ सिकाइ जारी गरीन्छ, ताकि परिवार र विद्यार्थीहरु अचम्ममा नपरुन।

शिक्षकहरूले दूर शिक्षामा अपेक्षाहरू सिकाउने काम पनि जारी राख्दछन् - जस्तै प्रविधि शिष्टाचार।

* कृपया तपाईंको बच्चालाई शिक्षक सुझावको लागि काम समयमै प्रस्तुत गर्न प्रोत्साहित गर्नुहोस्। यसले शिक्षकहरूलाई ध्यान केन्द्रित गर्न अनुमति दिनेछ। यसले विद्यार्थीहरू कुन सिप मा पोख्त छन् र कुन सिपका लागि अधिक सहयोग आवश्यक छ भन्ने कुरा निर्धारण गर्न सहयोग गर्छ।

* शिक्षकहरूले मेनुहरूमा प्राविधिक र गैर-प्राविधिक विकल्पहरू प्रदान गर्ने काम जारी राख्नेछन्।

* कुनै कागजपत्र / प्याकेटहरू विद्यार्थीहरूको लागि घर पठाउन सकिदैन किनकी शारीरिक रूपमा महामारीका कारण यो सम्भव छैन।

* दूर शिक्षाको समय अवधि भर K - 8 सम्म कुनै ग्रेडिंग हुनेछैन। विद्यार्थीहरुको सिकाई प्रतिक्रिया अनुरुप केन्द्रित हुनेछ।

परिवारका लागि केही सामग्री स्रोतहरू - पारिवारिक सामग्री स्रोतहरू जुन तपाईं शिक्षण अवसरहरू विस्तार गर्न प्रयोग गर्न सक्नुहुन्छ:

- The JAMES DYSON FOUNDATION: https://www.jamesdysonfoundation.com/
-
- **OPPORTUNITIES TO ESCAPE:**

  Sherlock Holmes Digital Escape Room (Sala de escape digital de Sherlock Holmes)
  https://docs.google.com/.../1FAIpQLSd94DdfmxEJMTmlNA.../viewform

  Escape the Fairy Tale: Part 1 (Escape del cuento de hadas, parte 1)
  https://docs.google.com/.../1FAIpQLSe1xF-PUPOxGO0lo.../viewform...

  Marvel's Avengers: Escape from the Hydra Base! (Vengadores de Marvel: escape de la base de Hydra)
  https://docs.google.com/.../1FAIpQLSdXeCKJN6fBV-o25.../viewform...

Escape from Star Killer Base! (Star Wars) (Escape de la base de Starkiller) (La guerra de las galaxias)
https://docs.google.com/.../1FAIpQLSdgQSe3coQ5ga8wY3.../viewform

Pikachu's Rescue (El rescate de Pikachu)
https://docs.google.com/.../1FAIpQLScnT1OHSZasKXMPlu.../viewform

Cinderella's Escape (El escape de Cenicienta)
https://docs.google.com/.../1FAIpQLSfX4nFPt04K7ePZYE.../viewform

Spy Apprentice Adventure (Aventura para aprendices de espía)
https://docs.google.com/.../1FAIpQLSdelL0PKnOdBc0v3k.../viewform

➢

**सबै भन्दा पहिले:**

**अमेरिकाको सबै भन्दा पुरानो नाटकघर - *"हाम्रो ध्यान को पत्तो" शिर्षक भएको सक्कली साइबर नाटक***

**बिस्तारमा**
* अप्रिल १७ मा तीन पटक मन्चन हुन्छ
* यहा थिच्नुहोस **बिहान ११ -१२, २-३ दीउसो, वा ७-८ बेलुका (11 a. m.-12 p. m., 2-3 p. m., o 7-8 p. m.)** पुर्बिय समय अनुसार (पासवर्ड walnut )
* शिछक र परिवारका लागि निशुल्क (बिद्यार्थी र बालबालिका संगै हेर्नुस )
* SEL र मानसिक स्वास्थ्य ( **शिछक र परिवार का लागि छलफल**) (Discussion Questions for Educators/Parents)

**पृष्ठभूमि**
विश्व नै परिवर्तन गर्ने महामारीले विद्यार्थी र शिक्षाविद्हरूलाई धकेल्दै दूर शिक्षा र तिनीहरूको सीमा तथा निर्देशनमा आमूल परिवर्तन गर्न थाल्यो । यस दूराभासी कक्षाकोठाले कसरी दूर शिक्षाको नयाँ क्षेत्रमा यो जीवनलाई लैजाँदै छ हेर्नुहोस्। **अभिनेता र लेखकका परिचय** ( **bios**.)

**यस कार्यमा सहभागी बन्नुहोस्**
यो एक अन्तर्क्रियात्मक अनुभव हो जहाँ तपाईले अन्त्य कस्तो हुने भन्ने र अन्य धेरै निर्णय लिनुहुन्छ। नाटक सकिए पछिको छलफल मा क्लिनिकल मनोवैज्ञानिक, शिक्षक र विशेष अतिथिहरूको एक प्यानल द्वारा मध्यस्थता हुनेछ ।

ठाउँ सीमित छ त्यसैले अहिल्यै दर्ता गर्नुहोस् र नाटक नछुटाउनुहोस्। **बिहान ११ -१२, २-३ दीउसो, वा ७-८ बेलुका** (पुर्बिय समय अनुसार) । . **11am-12N, 2-3pm, or 7-8pm** EST **अभिलेखको संस्करण** ( archived version ) अप्रिल १८ बाट उपलब्ध हुन्छ।

मेरो पूरा बाल्यकालको समय अवधि भर मलाई मेरा आमा बुबाले सिकाउनुभएको थियो कि जब तपाईंले चुनौतीपूर्ण र कठिनाईको सामना गर्नु पर्ने हुन्छ त्यस बेला तपाईंमा सधैं आशा र आस्था आकर्षित हुन्छ। आशावादी दृष्टिकोण कायम राख्दा हामीलाई प्रत्येक दिन राम्रा र सकारात्मक कुराहरु देख्न मद्दत हुन्छ जुन हामी वरिपरि छन । ती साधारण र साना दया एबम करुणाका कार्यहरूले हाम्रो अन्धकारलाइ हटाउछन् । अब म तपाइँलाइ आउँदो हप्ता देखि हाम्रा अगाडी भैरहेका साना तर महत्त्वपूर्ण चीजहरू फेला पार्न प्रोत्साहन गर्दछु र दयाको एक साधारण कार्य गर्न समय लिनुहोस् भनि सल्लाह दिन चाहन्छु । मलाई विश्वास छ तपाईले यो मार्ग उपयोगी पाउनुहुनेछ र एक आशावादी दृष्टिकोण राख्न सफल हुनुहुनेछ।

भवदीय,

*William R. Harbron*

William R. Harbron, Ed.D.
Superintendent of Schools